# भाग २

श्री ५ को सरकार

कानून,न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट जारी गरिबक्सेको तल लेखिए बमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## २०५९ सालको अध्यादेश नं. ५

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत वीरेन्द्रमाला महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम महागौरवमय सुप्रदीप्त वीरेन्द्रप्रजातन्त्रभास्कर परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

## सार्वजनिक सेवा (सञ्चालन, अनुगमन तथा निरीक्षण) अध्यादेश, २०५९

प्रस्तावना: सरकारी कार्यालय तथा सार्वजनिक संस्थाले सर्वसाधारण जनतालाई पुऱ्याउनु पर्ने सार्वजनिक सेवा छिटो, छरितो, मितव्ययी तथा निष्पक्ष रुपमा सञ्चालन भए नभएको सम्बन्धमा अनुगमन तथा निरीक्षण गर्नको लागि तत्काल कानूनी व्यवस्था गर्न आवश्यक भएको र हाल संसदको अधिवेशन नभएकोले,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

9030

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ७२ अनुसार यो अध्यादेश जारी गरिबक्सेको छ ।

१ संक्षिप्त नाम र प्रारम्भः (१) यस अध्यादेशको नाम "सार्वजनिक सेवा (सञ्चालन, अनुगमन तथा निरीक्षण) अध्यादेश, २०५९" रहेको छ ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ ।

२ परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस अध्यादेशमा,-

(क) "टोली" भन्नाले दफा ३ बमोजिम गठन गरी खटाईने सार्वजनिक सेवा अनुगमन तथा निरीक्षण टोली सम्झनु पर्छ ।

(ख) "समिति" भन्नाले दफा ९ बमोजिम गठित सार्वजनिक सेवा केन्द्रीय अनुगमन समिति सम्झनु पर्छ ।

(ग) "सार्वजनिक सेवा" भन्नाले सरकारी कार्यालय वा सार्वजनिक संस्थाले सर्वसाधारण जनतालाई पुऱ्याउनु पर्ने सेवा सम्झनु पर्छ ।

(घ) "सरकारी कार्यालय" भन्नाले मन्त्रालय र सो अन्तर्गतका विभाग तथा सबै कार्यालयलाई सम्झनु पर्छ ।

(ङ) "सार्वजनिक संस्था" भन्नाले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २ को खण्ड (ग) बमोजिमको सार्वजनिक संस्था सम्झनु पर्छ ।

(च) "पदाधिकारी" भन्नाले सरकारी कार्यालय तथा सार्वजनिक संस्थाको प्रमुखको रुपमा रहेको व्यक्ति सम्झनु



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

पर्छ र सो शब्दले सरकारी कार्यालय वा सार्वजनिक संस्थाको काममा संलग्न अन्य व्यक्ति समेतलाई जनाउँछ ।

३. सार्वजनिक सेवा अनुगमन तथा निरीक्षण टोली खटाउन सक्ने: (१) सरकारी कार्यालय तथा सार्वजनिक संस्थाबाट सर्वसाधारण जनतालाई पुर्‍याउनु पर्ने सार्वजनिक सेवा छिटो, छरितो, मितव्ययी तथा निष्पक्ष रुपमा सञ्चालन भए नभएको र प्रचलित कानून बमोजिम भ्रष्टाचार मानिने कार्य भए नभएको सम्बन्धमा आवश्यक जाँचबुझ गर्न श्री ५ को सरकारले एक जना संयोजक र अन्य दुई जना सदस्य गरी तीन जना रहेको आवश्यक संख्यामा सार्वजनिक सेवा अनुगमन तथा निरीक्षण टोली गठन गरी नेपाल अधिराज्यको जुनसुकै क्षेत्रमा खटाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको टोलीमा सरकारी वा सार्वजनिक संस्थाको सेवामा वहाल रहेको वा नरहेको व्यक्ति रहन सक्नेछ ।

(३) टोलीले आफूलाई खटाएको क्षेत्रको कुनै पनि स्थानमा आफ्नो मुकाम कायम गर्न सक्नेछ ।

(४) कुनै खास काम तोकी खटाईएको अनुगमन टोलीलाई श्री ५ को सरकारले अन्य कुनै काम पनि सुम्पन सक्नेछ ।

(५) टोलीले आफूलाई सुम्पिएको काम श्री ५ को सरकारले तोकेको समय भित्र सम्पन्न गर्नु पर्नेछ ।

(६) टोलीले आफूले सम्पन्न गरेको कामको प्रतिवेदन समितिमा पेश गर्नु पर्नेछ ।

(७) टोलीले आफूलाई सुम्पिएको काम सन्तोषजनक रुपमा वा मनासिब कारण विना निर्धारित समयमा सम्पन्न गर्न नसकेमा श्री ५ को सरकारले त्यस्तो टोलीको कुनै वा सबै सदस्यलाई फिर्ता बोलाउन सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
1032

(८) उपदफा (७) बमोजिम कुनै टोलीलाई फिर्ता बोलाईएकोमा त्यस्तो टोलीले गर्नुपर्ने काम सम्पन्न गराउन श्री ५ को सरकारले अर्को टोली खटाउन सक्नेछ ।

(९) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि प्रचलित कानून बमोजिम गठन भएको अदालतबाट सम्पादन गरिने काम कारवाहीमा अनुगमन तथा निरीक्षण गर्ने अधिकार टोलीलाई हुनेछैन ।

४. उजूरी गर्न सकिने: (१) सार्वजनिक सेवा छिटो, छरितो, मितव्ययी तथा निष्पक्ष रुपमा सञ्चालन नभएको वा प्रचलित कानून बमोजिम भ्रष्टाचार मानिने कार्य भएको विषयमा मर्का पर्ने जोसुकैले पनि आफूलाई परेको मर्काको विवरण खोली टोली समक्ष उजूरी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पर्न आएको उजूरीको सम्बन्धमा टोलीले आफ्नो अधिकार क्षेत्र भित्र पर्ने विषय रहेछ भने सो सम्बन्धमा तत्काल जाँचबुझ गर्नु पर्नेछ र अधिकारक्षेत्र नभएको उजूरीको हकमा कारवाहीको लागि सम्बन्धित निकायमा पठाउनु पर्नेछ ।

५ टोलीको काम, कर्तव्य र अधिकार: (१) टोलीको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ:-

(क) सार्वजनिक सेवा छिटो, छरितो, मितव्ययी तथा निष्पक्ष रुपमा सञ्चालन भए नभएको जाँचबुझ गर्दा त्यस्तो नभएको पाईएमा टोलीले सम्बन्धित पदाधिकारीलाई सचेत वा सतर्क गराई अविलम्ब त्यस्तो कार्य सम्पन्न गर्नु पर्ने म्याद तोकी आवश्यक आदेश वा निर्देशन दिने,

(ख) खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भएतापनि सार्वजनिक सेवा छिटो,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

छरितो, मितव्ययी तथा निष्पक्ष रुपमा सञ्चालन नभएको वा सम्बन्धित पदाधिकारीले आफूलाई तोकिएको काम सम्पादन नगरेको देखिएमा त्यस्तो पदाधिकारीलाई विभागीय सजाय वा अन्य कारवाही गर्नु पर्ने देखिएमा सो सम्बन्धी बेहोरा खुलाई उपयुक्त सजाय वा अन्य कारवाही गर्न सम्बन्धित विभागीय प्रमुख वा कार्यालय प्रमुखलाई लेखी पठाउने,

(ग) जाँचबुझको क्रममा कुनै पदाधिकारीले प्रचलित कानून बमोजिम भ्रष्टाचार मानिने कार्य गरेको देखिएमा त्यस्तो पदाधिकारी उपर प्रचलित कानून बमोजिम आवश्यक कारवाहीको लागि अधिकार प्राप्त अधिकारीकहाँ पठाउने,

(घ) आफ्नो पदीय जिम्मेवारी कुशलतापूर्वक निर्वाह गर्ने कर्मचारीलाई प्रचलित कानून बमोजिम प्रोत्साही पुरस्कारको लागि सम्बन्धित विभागीय प्रमुख समक्ष सिफारिस गर्ने ।

(२) उपदफा (१) को खण्ड (ख) बमोजिम लेखी आएमा सम्बन्धित पदाधिकारीले विभागीय सजायको हकमा एक महिना भित्र र अन्य कारवाहीको हकमा सात दिन भित्र टुंगो लगाई समितिलाई जानकारी दिनुपर्नेछ । मनासिव कारण विना सो अवधि भित्र टुंगो नलगाएमा त्यस्तो पदाधिकारी उपर समेत विभागीय सजाय वा अन्य आवश्यक कारवाही गरिनेछ ।

(३) उपदफा (१) बमोजिम टोलीले आफूलाई प्राप्त काम, कर्तव्य र अधिकारको प्रयोग गर्ने सन्दर्भमा सम्बन्धित कार्यालय वा संस्थाबाट कागजात झिकाउने तथा सम्बद्ध



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पदाधिकारी तथा व्यक्तिलाई वयान गराउने, साक्षी सर्जमिन तथा अन्य प्रमाण बुझ्ने सम्बन्धमा अदालतलाई भए सरहको अधिकार हुनेछ ।

६ प्रतिवेदन पेश गर्नु पर्ने: दफा ५ बमोजिम टोलीले दिएको आदेश वा निर्देशनमा तोकिए बमोजिमको काम सोही आदेश वा निर्देशनमा तोकिए बमोजिमको म्याद भित्र सम्पन्न गरी सम्बन्धित पदाधिकारीले सो को प्रतिवेदन सम्बन्धित टोली र समितिलाई दिनु पर्नेछ ।

७ आचरण: टोलीका संयोजक तथा सदस्य उक्त पदमा रही काम गर्दा देहाय बमोजिमको आचरणको पालना गर्नु पर्नेछ:-

(क) कुनै संकुचित स्वार्थमा नलागी सच्चाई र इमान्दारीपूर्वक आफूलाई सुम्पिएको कार्य सम्पादन गर्ने,

(ख) आफूलाई सुम्पिएको काम गर्दा आफ्नो ज्ञान र विवेक प्रयोग गरी कसैको डर, त्रास, लोभ, लालच वा मरमोलाहिजामा नपरी निर्भिक रही काम गर्ने,

(ग) आफ्नो काम कारवाहीमा वाधा पुग्ने वा टोलीको गोपनीयता भङ्ग हुने गरी कसैलाई कुनै पनि कुराको जानकारी वा तत्सम्बन्धी अन्य कुनै कुरा उपलब्ध नगराउने,

(घ) आफ्नो पदको प्रभाव देखाई अनुचित लाभ उठाउने कुनै काम नगर्ने,

(ङ) यो अध्यादेश र यस अध्यादेश अर्न्तगत बनेको नियमावलीले निषेध गरेको कुनै काम कुरा नगर्ने ।

८. कारवाही हुने: टोलीका संयोजक वा सदस्यले दफा ७ बमोजिमको आचरणको पालन नगरेमा त्यस्तो संयोजक वा सदस्यलाई समितिले आवश्यक कारवाही गर्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०३५

९ सार्वजनिक सेवा केन्द्रीय अनुगमन समितिः (१) यो अध्यादेशको उद्देश्य प्राप्तिको लागि आवश्यक काम कारवाही गर्नको लागि देहाय बमोजिमको अध्यक्ष तथा सदस्यहरू रहेको एक सार्वजनिक सेवा केन्द्रीय अनुगमन समिति रहनेछः-

(क) गृहमन्त्री, -अध्यक्ष
(ख) सचिव, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय -सदस्य
(ग) सचिव, मन्त्रिपरिषद् सचिवालय -सदस्य
(घ) सचिव, राष्ट्रिय योजना आयोगको सचिवालय -सदस्य
(ङ) सचिव, गृह मन्त्रालय -सदस्य-सचिव

(२) समितिको बैठकमा पेश हुने विषयवस्तुसँग सम्बन्धित मन्त्रालयका सचिवलाई बैठकमा आमन्त्रण गर्न सकिनेछ ।

(३) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१० समितिको काम, कर्तव्य र अधिकारः समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः-

(क) सार्वजनिक सेवा छिटो, छरितो तथा मितव्ययी बनाउन श्री ५ को सरकारलाई आवश्यक सल्लाह तथा सुझाव दिने,
(ख) सार्वजनिक सेवा छिटो, छरितो, मितव्ययी तथा नियमित बनाउने सम्बन्धमा श्री ५ को सरकारबाट स्वीकृत नीति टोली मार्फत कार्यान्वयन गर्ने गराउने,
(ग) टोलीलाई सुम्पिएको काम सम्पन्न गरे नगरेको वारेमा अनुगमन गरी आवश्यक निर्देशन दिने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) टोलीले समिति समक्ष पेश गरेको प्रतिवेदन तथा टोलीले दिएको आदेश तथा निर्देशन बमोजिम सम्पन्न भए गरेको काम कारवाहीको सम्बन्धमा सम्बन्धित निकाय वा अधिकारीबाट प्राप्त हुन आएको प्रतिवेदनको अध्ययन गरी अन्य आवश्यक काम कारवाही गर्न गराउन सम्बद्ध निकाय वा अधिकारी कहाँ पठाउने र तत्सबन्धमा आवश्यक अनुगमन गर्ने,

(ङ) टोलीको काम कारवाहीमा समन्वय गरी एकरुपता ल्याउने,

(च) टोलीले सम्पादन गरेको काम कारवाहीको विषयमा पर्न आएको उजूरी वा निवेदनको सम्बन्धमा आवश्यक जाँचबुझ गर्ने,

(छ) टोलीलाई आवश्यक आदेश तथा निर्देशन दिने ।

११. पारिश्रमिक र सुविधा: टोलीको संयोजक तथा सदस्यले पाउने सुविधा श्री ५ को सरकारले तोके बमोजिम हुनेछ ।

१२. सहयोग पुऱ्याउनु पर्ने: समितिले तथा टोलीले यो अध्यादेश तथा यस अध्यादेश अन्तरगत बनेको नियमावली बमोजिम प्राप्त अधिकार प्रयोग गर्ने क्रममा माग भए बमोजिमको कागजात लगायत अन्य आवश्यक सहयोग उपलब्ध गराउनु सम्बन्धित निकाय वा अधिकारीको कर्तव्य हुनेछ ।

१३. कर्मचारी तथा बजेटको व्यवस्था: समिति तथा टोलीलाई आवश्यक पर्ने कर्मचारी तथा बजेट श्री ५ को सरकारले उपलव्ध गराउने छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०३८

१४. श्री ५ को सरकारसँग सम्पर्क: समितिले श्री ५ को सरकारसँग सम्पर्क राख्दा गृह मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

१५. शपथ: टोलीको संयोजक तथा सदस्यले आफूलाई सुम्पिएको कार्यभार सम्हाल्नु अगावै श्री ५ को सरकार समक्ष अनुसूची बमोजिमको ढाँचामा पद तथा गोपनीयताको शपथ लिनु पर्नेछ ।

१६. नियम बनाउन सक्ने: यो अध्यादेशको उद्देश्य कार्यान्वयन गर्न श्री ५ को सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची
(दफा १५ सँग सम्बन्धित)

## पद तथा गोपनीयताको शपथ

म ................................... ईश्वरको नाउँमा सत्यनिष्ठापूर्वक टोलीको संयोजक/ सदस्यको हैसियतले मलाई सुम्पिएको जिम्मेवारी मेरो योग्यता, ज्ञान विवेकले भ्याएसम्म भय, पक्षपात, लोभ वा द्वेषभाव नराखी पूरा गर्नेछु र मलाई टोलीको कामको सिलसिलामा जानकारी हुन आएको गोप्य कुराहरू आफ्नो जिम्मेवारी पूरा गर्नको निमित्त आवश्यक पर्नेमा बाहेक टोलीमा कार्यरत रहेको वा नरहेको जुनसुकै अवस्थामा पनि प्रत्यक्ष वा अप्रत्यक्ष तवरले कुनै किसिमबाट प्रकट गर्ने छैन ।

मिति ..................... हस्ताक्षर .............

संयोजक .............

सदस्य .................

लालमोहर सदर मिति २०५९ । ८ । १२ ।५

आज्ञाले,
उदय नेपाली श्रेष्ठ
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।